प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

# प्रदेश लेखा नियन्त्रक कार्यालय

प्रदेश नं. १

बिराटनगर, मोरङ

प.सं.-२०७९/०८०
च.नं.- ३९५

मिति-२०७९/१०/२४

बिषय- खर्च कटौती गर्ने सम्बन्धमा ।

श्री प्रदेश लेखा इकाई कार्यालयहरु सबै
प्रदेश नं. १,

प्रस्तुत विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. १ को च.नं. ५५४, मिति- २०७९/१०/२४ को खर्च कटौती सम्बन्धी पत्र यसै साथ संलग्न राखि पठाईएको छ । बजेट निकासा दिँदा सोहि बमोजिम गर्नु गराउनुहुन अनुरोध छ ।

ऋषि कुमार खनाल

ऋषि कुमार खनाल
लेखा अधिकृत
अधिकृत स्तर आठौं

# प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
## प्रदेश नं.१, बिराटनगर

पत्र संख्या :-०७९/०८०
च.नं. :- ५४४

मिति :-२०७९/१०/२४

विषयः- खर्च कटौती सम्वन्धमा।

श्री मन्त्रालय/सचिवालय/आयोग (सबै)
प्रदेश नं.१

प्रस्तुत चालु आर्थिक वर्षमा कोभिड १९ लगायत विविध कारणवाट विश्व अर्थतन्त्रमा परेको प्रतिकूल परिस्थितिको फलस्वरुप राष्ट्रिय आर्थिक गतिविधीमा समेत संकुचन आएको हुँदा नेपाल सरकारले सरकारी खर्चमा मितव्ययिता कायम गरी सरकारको वित्त सन्तुलन कायम राख्न प्रदेश र स्थानीय तहलाई समेत चालु खर्च तर्फका खर्चमा अनिवार्य दायित्व बाहेक न्यूनतम २० प्रतिशत खर्च कटौती गर्न अनुरोध गरी मिति २०७९/१०/१७ मा प्रेश विज्ञप्ति जारी गरेको छ। यस परिप्रेक्ष्यमा प्रदेश सरकारले चालु आर्थिक वर्षमा आन्तरिक राजस्व तथा संघीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम लक्ष्य बमोजिम प्राप्त हुन नसक्ने अवस्था आएको साथै संघीय सरकारको सञ्चित कोषको अवस्था ऋणात्मक भएको देखिएको कारण तोकिए बमोजिम अनुदानको रकम समेत प्राप्त गर्न कठिनाई हुने अवस्था सृजना भएको हुँदा प्रदेश विनियोजन ऐन, २०७९ बमोजिम प्रदेश सञ्चित कोष माथि व्ययभार हुने रकम बाहेक अन्य विनियोजित खर्चमा मितव्ययिता कायम गरी प्रदेश सरकारको सार्वजनिक वित्तमा सन्तुलन कायम राख्न प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७९/१०/२२ को निर्णय तथा माननीय (मुख्यमन्त्री तथा आर्थिक मामिला तथा योजना मन्त्रीस्तर) को मिति २०७९/१०/२३ को निर्णयानुसार देहाय बमोजिमको निर्णयहरु भएकाले सो को आवश्यक कार्यान्वयनका लागि मातहतका कार्यालय तथा निकायमा समेत पत्राचार गर्नुहुन आदेशानुसार सादर अनुरोध छ।

१. प्रदेश सरकारका सबै मन्त्रालय/निकायको विनियोजित बजेट भित्रका मसलन्द तथा कार्यालय सामान, पत्रपत्रिका, इन्धन, मर्मत सम्भार, छपाई तथा सूचना प्रकाशन, सेवा परामर्श, सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च, भ्रमण, अन्य भत्ता, कार्यक्रम खर्च, प्रदेश सरकार स्रोततर्फका सबै प्रकारका कर्मचारी तालिम, गोष्ठि, सेमिनार र कार्यशाला र विविध खर्चमा खर्च भै बाँकी रहेको मध्ये २५ प्रतिशत कटौती गर्ने।

शाखा अधिकृत
अधिकृतस्तर (सातौं)

# प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
## प्रदेश नं.१, बिराटनगर

२. चालु आ.ब. मा स्वीकृत बजेट तथा कार्यक्रम भित्र परेका तर खरिद प्रक्रिया शुरु नभएका आयोजना तथा कार्यक्रमहरु (क्रमागत र बहुवर्षीय आयोजना तथा कार्यक्रम बाहेक) को आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा मात्र खरिद प्रक्रिया अगाडी बढाउने।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति नलिई कुनै पनि निकायले यस आ.व. मा थप आर्थिक दायित्व सृजना हुने गरी नयाँ दरवन्दी सिर्जना लगायतका कुनै निर्णय नगर्ने।

४. आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति नलिई प्रदेश सरकारवाट निर्णय भए वाहेक कुनै पनि आर्थिक सहायता र कुनै प्रकारको अनुदान प्रदान नगर्ने।

५. कार्यक्रम खर्चमा विनियोजन भएको तर सुरुवात नभएका नगरी नहुने अनिवार्य वाहेकका कार्यक्रम नगर्ने।

६. प्रदेश सरकार (मन्त्रिपरिषद्) को प्रथम बैठकबाट मन्त्रालयहरुको संख्या कटौती भएको परिप्रेक्ष्यमा थप फर्निचर तथा नयाँ सवारी साधन खरिद नगरी कटौती भएका मन्त्रालयबाट प्राप्त गरी प्रयोग गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने।

७. स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएका बाहेक सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन (DPR) नगर्ने।

८. उपरोक्त निर्णय प्रदेश सरकार मातहतका सबै मन्त्रालय/निकाय/प्रतिष्ठान/बोर्डमा लागु हुने।

065/10/28

विष्णुकुमार थेगुवा

शाखा अधिकृत

शाखा अधिकृत

अधिकृतस्तर (सातौं)